# हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
## Hydroelectricity Investment and Development Company Ltd.

नयाँबानेश्वर, काठमाण्डौ, नेपाल
फोनः ९७७-१-४४९५०१६/४४९५०१७/४४९५०१८
ई-मेलः info@hidcl.org.np Website http://www.hidcl.org.np

# शिलबन्दी बोलपत्रद्वारा शेयर बिक्री गर्ने बारे सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति : २०७९/१०/२२**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७९/११/०८**

हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लि.को संस्थापक समूहको २,३२,०४,४९५ कित्ता अवितरित हकप्रद शेयर गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गर्नका लागि मिति २०७९/०५/२० गतेदेखि मिति २०७९/०६/०४ गतेसम्मको समयावधि दिई निष्कासन गरेकोमा उक्त अन्तिम मितिसम्ममा प्राप्त बोलपत्रवालाहरुको बोलपत्रहरुलाई आवश्यक प्रशोधन पश्चात् बाँडफाँट कमिटिबाट १०,०७,१७० कित्ता शेयर बाँडफाँट गरिएकोलाई कम्पनीको मिति २०७९/०६/११ गते बसेको संचालक समितिले अनुमोदन गरिएको र बाँकी रहेको २,२१,९७,३२५ कित्ता अवितरित हकप्रद शेयर पुनः गोप्य शिलबन्दी बोलपत्र मार्फत निष्काशन गर्नका लागि धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को निर्देशन नं. १५ को अधिनमा रही उक्त शेयरहरु खरीद गर्न ईच्छुक जो कोही व्यक्ति, संस्था वा कम्पनीले मिति २०७९/११/०८ गतेभित्र तल उल्लेखित संकलन केन्द्रहरुमा आईपुग्ने गरि प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसीलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

**बोलकबोल प्रकृयाद्वारा बिक्री गरिएको शेयर खरिद गर्ने शेयरधनीहरु समूह "क" को उप-समूह "क-२" अन्तर्गतको "अन्य संस्थापक" उप-समूहमा रहनेछन्। उक्त शेयर बाँडफाँट भई नेपाल स्टक एक्सचेञ्जमा सूचीकरण भएपश्चात् "HIDCLP" सङ्केतमा कारोबार गर्न योग्य हुने छ र प्रबन्धपत्रको दफा ६ को खण्ड (छ) मा भएको व्यवस्था अनुसार नेपाल स्टक एक्सचेञ्ज मार्फत सो शेयर खरिद गर्ने शेयरधनीहरु समेत समूह "क" को उप-समूह "क-२" अन्तर्गतको "अन्य संस्थापक" उप-समूहमा नै रहनेछन्।**

| सि.नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरुः |
|---|---|
| १. | श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, नक्साल, काठमाण्डौं । |
| २. | श्री ग्लोबल आइएमई बैंक लिमिटेडको शाखा कार्यालयहरू क्रमशः **उपत्यका भित्रः** (१) शंखमुल-नयाँबानेश्वर, काठमाडौं ।<br>**उपत्यका बाहिरः** (१) विर्तामोड, झापा (२) हनुमानदास रोड, विराटनगर, मोरङ (३) जनकपुरधाम, धनुषा (४) आर्दशनगर, वीरगञ्ज, पर्सा (५) हेटौंडा, मकवानपुर (६) नारायणगढ, चितवन (७) न्यूरोड, पोखरा, कास्की (८) मिलनचोक, बुटवल, रूपन्देही (९) बाग्लुङ्ग बजार, बाग्लुङ्ग (१०) त्रिभुवन चोक, नेपालगञ्ज, बाँके (११) विरेन्द्रनगर, सुर्खेत (१२) घोराही, दाङ (१३) धनगढी, कैलाली (१४) महेन्द्रनगर, कञ्चनपुर । |

**तपसिल**

**संस्थापक समूहको बिक्री गर्नुपर्ने शेयर : २,२१,९७,३२५ कित्ता**

**शर्तहरुः**

१. बोलपत्र आवेदन फारम माथि उल्लेखित संकलन केन्द्रहरुबाट रु.१००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ। साथै माथि तोकिएका ग्लोबल आइएमई बैंकका शाखा कार्यालयहरुबाट आवेदन दिन चाहने आवेदनकर्ताहरुले सोही शाखाबाट बैंकको छाप लगाएको आवेदन फारम खरीद गरी लिनुपर्नेछ। छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँटमा समावेश गरिने छैन ।

२. शेयरको न्युनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुंदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ। साथै, बोलपत्र फाराम शिलबन्दी गरिएको हुनुपर्नेछ।

३. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ। धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन । साथै, आवेदन गर्ने कित्ता पूर्ण कित्तामा हुनुपर्नेछ ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर तथा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) लगायत बोलपत्र आवेदन फाराममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रुपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

५. बोलपत्र पेश गर्दा **न्यूनतम १०० कित्ता** वा सो भन्दा बढीको लागि अधिकतम सम्पूर्ण शेयर संख्याको लागि आवेदन दिन सकिने छ। तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा सम्बन्धित नियमकारी निकायले एउटा व्यक्ति वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ। दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन। रु. ५ लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रुपमा र रु.५ लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रुपमा आफ्नो प्यान नं. (PAN No.) आवेदन फारममा उल्लेख गर्नुपर्नेछ।

६. शेयर आवेदन फारम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रुपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम **ग्लोबल आइएमई क्यापीटल लिमिटेडको नाममा** तल उल्लेख गरे बमोजिमको बैंक खातामा जम्मा गरेको सक्कल नगद भौचर संलग्न गर्नुपर्नेछ। साथै, चेकको माध्यमबाट आवेदन गर्नेको हकमा ग्लोबल आइएमई क्यापीटल लिमिटेडको नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको Good For Payment गरिएको Cheque वा IPS मार्फत भुक्तानी गरेको निस्सा संलग्न गर्नुपर्नेछ। सो नभएको चेकलाई मान्यता दिईने छैन । साथै Good For Payment Cheque बुझाउनु हुने बोलपत्रवालाहरुले चेक क्लियरिङ्ग शुल्क वापत रु. २ लाखसम्मको लागि रु.१०/- तथा रु. २ लाख भन्दा माथिको हकमा रु.१५/- समेत संलग्न गर्नुपर्नेछ।

| क्र.सं. | बैंक | खाताको नाम | खाता नं. |
|---|---|---|---|
| १. | ग्लोबल आइएमई बैंक लिमिटेड, कान्तिपथ काठमाडौं | Global IME Capital Limited | ००१०१०१००७९६६६ |

**७. संस्थापक समूहको शेयर खरिदका लागि आवेदन दिंदा आवेदनको साथमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा संस्थाले आवेदन दिने हकमा आवेदनको साथमा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि, प्यान नं. (PAN No.) र शेयर खरिद गर्ने सम्बन्धी माइन्यूट संलग्न गर्नु पर्नेछ ।**

८. शिलबन्दी खाम बाहिर "**श्री हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ।

९. बोलपत्र आवेदन **मिति २०७९/११/०८ गते अपरान्ह ३:०० बजेभित्र** यस निष्कासनका लागि तोकिएको संकलन केन्द्रहरुमा दर्ता भई सक्नु पर्नेछ। कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन ।

१०. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

११. प्राप्त बोलपत्रहरु तोकिएका संकलन केन्द्रहरुबाट बिक्री प्रवन्धकको कार्यालयमा प्राप्त भए पश्चात सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ।

१२. काबु बाहिरको परिस्थिति पर्न गई बिक्री प्रवन्धकको कार्यालयमा समयमा बोलपत्र प्राप्त हुन नसकेमा सो व्यहोरा नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई निर्देशन बमोजिम गरिनेछ। साथै, काबु बाहिरको परिस्थिति पर्न गई कुनै संकलन केन्द्रबाट बोलपत्र फारम पठाउन नसकिने भएमा नेपाल धितोपत्र बोर्डको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाईने छ ।

१३. उपत्यका बाहिरका संकलन केन्द्रहरुबाट संकलित आवेदनहरु कुरियर मार्फत पठाउनु पर्ने भएकोले कुनै कारणवश संकलन केन्द्रबाट कुरियर मार्फत पठाईएको आवेदन फारम प्राप्त नभएमा वा नष्ट भएमा नेपाल धितोपत्र बोर्डको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाईने छ।

१४. प्राप्त बोलपत्रहरुको छानविन गरी रितपूर्वक प्राप्त बोलपत्रहरुमध्ये सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बाँडफाँट गरिनेछ। यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको बढी रकम कबोल गर्नेलाई क्रमशः बाँडफाँट गरिने छ। बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मूल्यमा दुई वा दुई भन्दा बढी बोलपत्र आवेदनहरु पर्न गई बाँडफाँट हुन बाँकी शेयर भन्दा बढीको माग भएमा माग गरेको शेयरको आधारमा समानुपातिक रुपमा शेयर बाँडफाँट गरिनेछ। यसरी समानुपातिक रुपमा बाँडफाँट गर्दा समेत केही शेयर बाँकी रहन गएमा निष्काशन कम्पनीको सञ्चालक समितिको निर्णयानुसार हुनेछ।

१५. माथि बुंदा नं. १४ बमोजिम बाँडफाँटमा परेका बोलपत्रदाताहरु मध्ये शेयर बाँडफाँट गर्न नियमनकारी निकायको स्वीकृति आवश्यक पर्ने बोलपत्रदाताहरुको विवरण सो निकायमा पेश गर्दा कथंकदाचित नियमनकारी निकायबाट स्वीकृति प्राप्त नभएमा वा माग गरेको रकम मध्ये आंशिक रकमको लागि मात्र स्वीकृति प्राप्त भएमा सोही अनुसार बाँडफाँट गरिनेछ। यसरी गरिएको बाँडफाँट बोलपत्रदातालाई स्वीकार्य हुनुपर्नेछ।

१६. माथि बुंदा नं. १५ बमोजिम नियमनकारी निकायको स्वीकृति बमोजिम शेयर बाँडफाँट गर्दा शेयर बाँकी रहन गएमा बाँडफाँटमा नपरेका रितपूर्वकको आवेदन पेश गर्ने बोलपत्रदाताहरुमध्ये प्रति शेयर अधिकतम मूल्य कबोल गर्ने बोलपत्रदाताहरुलाई क्रमशः बाँकी रहेको शेयर बाँडफाँट गर्न नियमनकारी निकायको स्वीकृति आवश्यक पर्ने भएमा बोलपत्रदाताहरुको विवरण सो निकायमा पेश गरी सोही निकायको स्वीकृति अनुसार माग गरे बमोजिम वा सो को आंशिक संख्यामा शेयर बाँडफाँट गरिनेछ।

१७. बोलपत्र आवेदनहरु मध्ये बाँडफाँटमा नपरेका आवेदकहरुको बोलकबोल वापत जम्मा भएको रकम अन्तिम बाँडफाँट पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम आवेदकले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी गरिनेछ। साथै यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

१८. यस सूचना बमोजिम बिक्री गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदकलाई बाँडफाँट गरिनेछ।

१९. शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँट गर्न सक्ने वा बोलपत्र आवेदन तथा शेयर बाँडफाँट सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार यस कम्पनीको सञ्चालक समितिमा रहनेछ।

२०. कथंकदाचित बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट बोलपत्र बुझाउने अन्तिम दिन मानिने छ।

२१. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी बिक्री प्रवन्धकको Website: globalimecapital.com मा हेर्न सक्नुहुने छ।

**बिक्री प्रबन्धकः**

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापीटल लि.
GROW WITH US

**ग्लोबल आइएमई क्यापीटल लि.**
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं
फोन नं. ९७७-०१-५९७०१३८, फ्याक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

**मिति २०७९/१०/१५ गतेको नयाँपत्रिका र कारोबार दैनिकमा प्रकाशित गर्ने ।**